संघीय संसद
प्रतिनिधि सभा, २०७९
पहिलो अधिवेशन
बैठक संख्या - १६

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल चैत १२ गते आइतबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:२० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै निम्नलिखित मा० सदस्यहरुले प्रदेश नं. १ को नाम कोशी प्रदेश राख्ने निर्णयको शान्तिपूर्ण विरोधमा उत्रिएका जनतामाथि सरकारपक्षबाट भएको ज्यादतीका कारण पदम कुमार लिम्बुको टाउकोमा चोट लागी उपचारको क्रममा मृत्यु भएको घटनाप्रति संघीय सरकार र प्रदेश सरकारको ध्यानाकर्षण गराउँदै जनताले आफ्नो पहिचानको लागि गरेका आन्दोलनमा दमन गर्ने परिपाटी छोड्नुपर्ने, विभिन्न सवारी दुर्घटनमा परेकाहरुको उपचार गर्नुपूर्व अस्पतालमा राख्नुपर्ने डिपोजिटका कारण दुर्घटनामा परेकाहरुको उपचार नै नभई मृत्यु हुन सक्ने भएकोले यस्ता दुर्घटनाका बिरामीलाई जुनसुकै अस्पतालले तत्काल उपचार गर्नुपर्ने कुरामा सरकारले छिटो भन्दा छिटो निर्णय गरोस्, कर्णालीको चिसापानीमा रहेको पुलको विभिन्न पार्टपुर्जा जीर्ण अवस्थामा रहेको र समयमा मर्मत सम्भार नहुँदा अप्रत्याशित दुर्घटना हुनसक्ने भएकोले सरकारले तत्काल ध्यान पुऱ्याउनु पर्ने, राजस्वका नाममा सीमामा रहेका जनतालाई विभिन्न वहानामा भारतबाट खरीद गरी ल्याइएका मालसामानहरु नियन्त्रणमा लिने काम तत्काल रोक्नुपर्ने लगायतका विषयहरुमा आ-आफ्नो धारणा राख्नुभयो ।

१. मा० श्री अशोक कुमार राई
२. मा० श्री रामहरि खतिवडा
३. मा० श्री अरुण कुमार चौधरी
४. मा० श्री प्रभु साह

तदुपरान्त प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री विद्या भट्टराई
२. मा० श्री विना लामा
३. मा० श्री विनिता कुमारी सिंह
४. मा० श्री विश्वप्रकाश शर्मा
५. मा० श्री विना जैसवाल
६. मा० श्री शक्ति बहादुर बस्नेत
७. मा० श्री शान्ति श्रेष्ठ
८. मा० श्री शिव नेपाली
९. मा० श्री शेरबहादुर कुंवर
१०. मा० श्री सन्तोष चालिसे
११. मा० श्री सन्तोष परियार
१२. मा० श्री सुमना श्रेष्ठ
१३. मा० श्री सुरेन्द्र राज आचार्य
१४. मा० श्री सूर्य कुमारी श्रेष्ठ
१५. मा० श्री सोनु मुर्मु
१६. मा० श्री सोविता गौतम
१७. मा० श्री संगिता मण्डल धानुक
१८. मा० श्री सञ्जय कुमार गौतम
१९. मा० श्री हरि ढकाल
२०. मा० श्री हित बहादुर तामाङ
२१. मा० श्री हितराज पाण्डे
२२. मा० श्री ज्ञानबहादुर शाही
२३. मा० श्री ज्ञानु बस्नेत सुवेदी
२४. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की

तत्पश्चात प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले विविध विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० डा० शेखर कोइराला
२. मा० श्री रघुजी पन्त
३. मा० श्री दुर्गा राई
४. मा० श्री निशा डाँगी
५. मा० श्री दिपक बहादुर सिंह
६. मा० श्री नवलकिशोर साह सुडी
७. मा० श्री भानुभक्त जोशी
८. मा० डा० चन्द्रकान्त राउत
९. मा० श्री रञ्जिता श्रेष्ठ
१०. मा० श्री प्रेम सुवाल
११. मा० श्री रामनाथ अधिकारी
१२. मा० श्री सुनिता बराल
१३. मा० श्री विमला सुवेदी
१४. मा० श्री शान्ति वि.क.
१५. मा० श्री बलराम अधिकारी

तदुपरान्त मा० श्री बलराम अधिकारीले बोलीसकेपछि मा० श्री महेश कुमार बर्तौलाले नियमापत्ति गर्नुहुँदै प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २० मा उल्लेख भएको वक्ता मा० सदस्य र सम्माननीय सभामुखको बीचबाट हिंड्न नहुने भन्ने व्यवस्थाको बारम्बार उल्लंघन भैरहेको ध्यानाकर्षण गराउँछु भन्नुभएपछि सम्माननीय सभामुखले सो विषयप्रति उचित ध्यान दिनुहुन मा० सदस्यहरुलाई आग्रह गर्नुभएपछि मा० श्री पूर्ण बहादुर खड्काले मा० श्री महेश कुमार बर्तौलाले उठाउनु भएको विषयमा आफुले अनदेखाको कारण नियमको उल्लंघन भएकोले क्षमा माग्दछु भन्नुभयो ।

त्यसपछि सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्माले "संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त "संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री प्रकाश ज्वाला
२. मा० श्री प्रदिप यादव
३. मा० श्री भानुभक्त जोशी
४. मा० श्री रघुजी पन्त
५. मा० श्री अर्जुन नरसिंह के.सी.
६. मा० श्री महेश कुमार बर्तौला
७. मा० श्री देवेन्द्र पौडेल
८. मा० श्री बद्रिप्रसाद पाण्डे
९. मा० श्री प्रेम सुवाल
१०. मा० श्री रामहरि खतिवडा
११. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की

तत्पश्चात सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्माले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले "संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले "संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९" माथि संशोधन पेश गर्न चाहने मा० सदस्यहरुले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १११ बमोजिम बहत्तर घण्टाभित्र आफूले पेश गर्न चाहेको संशोधनको सूचना विधेयक शाखा (प्रतिनिधि सभा) मा दिनसक्नुहुने व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात सम्माननीय प्रधानमन्त्री एवं कानून, न्याय तथा संसदीय मामिला मन्त्रीको तर्फबाट मा० सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्माले "बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि "बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री रमेश लेखक
२. मा० श्री रघुजी पन्त
३. मा० श्री शक्तिबहादुर बस्नेत
४. मा० श्री सन्तोष परियार
५. मा० श्री प्रदिप यादव
६. मा० श्री राजेन्द्र प्रसाद पाण्डे
७. मा० श्री गणेश पराजुली
८. मा० श्री रञ्जु कुमारी झा
९. मा० श्री रेखा यादव
१०. मा० श्री प्रकाश ज्वाला
११. मा० श्री मेटमणि चौधरी
१२. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की
१३. मा० श्री ज्ञानबहादुर शाही
१४. मा० श्री महेश कुमार बर्तौला
१५. मा० श्री शेरबहादुर कुँवर
१६. मा० श्री चित्रबहादुर के.सी.
१७. मा० श्री अम्मर बहादुर थापा
१८. मा० श्री बद्रीप्रसाद पाण्डे
१९. मा० श्री सुमना श्रेष्ठ
२०. मा० श्री प्रभु साह
२१. मा० श्री जनार्दन शर्मा
२२. मा० श्री सिता गुरुङ्ग

| | | | |
|---|---|---|---|
| २३. | मा० श्री अर्जुन नरसिंह के.सी. | ३०. | मा० श्री जीवन परियार |
| २४. | मा० श्री मैना कार्की | ३१. | मा० श्री पदम गिरी |
| २५. | मा० श्री प्रेम सुवाल | ३२. | मा० श्री नवलकिशोर साह सुडी |
| २६. | मा० श्री हितराज पाण्डे | ३३. | मा० श्री तेजुलाल चौधरी |
| २७. | मा० श्री ऋषिकेश पोखेल | ३४. | मा० श्री माधव सापकोटा |
| २८. | मा० श्री विश्वप्रकाश शर्मा | ३५. | मा० श्री दयाल बहादुर शाही |
| २९. | मा० श्री सुनिता बराल | ३६. | मा० श्री पूर्ण बहादुर घर्ती |

तदुपरान्त सम्माननीय प्रधानमन्त्री एवं कानून, न्याय तथा संसदीय मामिला मन्त्रीको तर्फबाट मा० सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्माले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले "बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले "बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९" माथि संशोधन पेश गर्न चाहने मा० सदस्यहरुले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १११ बमोजिम बहत्तर घण्टाभित्र आफूले पेश गर्न चाहेको संशोधनको सूचना विधेयक शाखा (प्रतिनिधि सभा) मा दिनसक्नुहुने व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले पूर्व सदस्य गणेश प्रसाद विमलीको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

शोक प्रस्ताव

"प्रतिनिधि सभाको यो बैठक नेपाली काँग्रेसबाट वि.सं. २०७० सालको संविधान सभा निर्वाचनमा समानुपातिक सदस्यको रुपमा निर्वाचित भई संविधान निर्माणमा अतुलनीय योगदान पुऱ्याउनु भएको, लोकतान्त्रिक आन्दोलनहरुमा सदैव सक्रिय भूमिका निर्वाह गर्नुभएका एवं शालिन र सरल व्यक्तिको रुपमा परिचित गणेश प्रसाद विमलीको ७४ वर्षको उमेरमा मिति २०७९ चैत ७ गते मंगलबार असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

तत्पश्चात सभाले दिवंगत गणेश प्रसाद विमलीको आत्माको चिरशान्तिको लागि उठेर १ मिनेट मौन धारण गऱ्यो ।

तदनन्तर अर्को बैठक २०७९ साल चैत १५ गते बुधबार दिनको १:०० बजे बस्नेगरी बैठक बेलुका ८.०० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव